अनुसूचि-१

# नगराईन नगरपालिकाको आ.व. २०७४।०७५ को नीतिहरु

*पूर्वाधार तथा संरचना विकास*

१. आवधिक नगर विकास योजना, Town Planning, भू-उपयोग योजना, प्रकोप व्यवस्थापन योजना, भवन निर्माण मापदण्ड, नगर यातायात गुरुयोजना एवं महत्वपूर्ण योजनाको डि.पी.आर. तयार गरी कार्यान्वयनमा ल्याईने छ।
२. वडा समितिको सिफारिश तथा नगर कार्यपालिकाबाट पेश भै आएका योजनाहरुलाई प्राथमिकता एवं सम्भाव्यता अध्ययन र लाभान्वित वर्गको आधारमा कार्यान्वयन गरिनेछ।
३. नगरपालिका क्षेत्र भित्रका मुख्य मुख्य सडकहरु पक्की गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।
४. नगर क्षेत्रहरुमा सडकबत्तिको लाईन जडान गर्ने कार्य बिद्युत प्राधिकरणसंग समन्वय एवं सौर्य सडक बत्ती जडान गर्ने नीति लिईनेछ।
५. अन्य निकायसँगको साझेदारीमा नगरको विकास गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।
६. ऐतिहासिक एवं धार्मिक, साँस्कृतिक महत्वका पोखरीहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।
७. आयोजना स्थलमा योजनासम्बन्धी जानकारी गराउन अनिवार्य रुपमा होर्डिंग बोर्ड राख्न लगाईनेछ।
८. नगरपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाई सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफरिश गरी पठाईनेछ।
९. नगरमा आधुनिक व्यवसायिक भवन निर्माणको लागि सम्भाव्यता अध्ययन गरी निजी तथा गैरसरकारी क्षेत्रको लगानी भित्र्याईनेछ।
१०. बढ्दो सार्वजनिक जग्गा तथा सडक अतिक्रमणलाई अन्य निकायहरुको सहकार्यमा नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ।
११. नगर क्षेत्र भित्रका अधुरा र क्रमागत योजना पूरा गर्ने कार्यलाई पहिलो प्राथमिकता दिईने छ।
१२. नगरपालिकाको केन्द्रलाई व्यवस्थित गर्न चक्रपथ निर्माणको लागि संभाव्यता अध्ययन गरिनेछ।
१३. सडक नाला निर्माण हुने सडक खण्डहरुमा उपभोक्ताहरुद्वारा सो सडक किनारमा बृक्षारोपण गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयन गरिनेछ।
१४. प्रत्येक बर्ष उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत र सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।
१५. नगरपालिकाको कार्यालय भवन निर्माणको लागि उपयुक्त जग्गा पहिचान गरी स्वामित्वमा ल्याउन आवश्यक व्यवस्था गरिने छ।
१६. प्रत्येक वडाका सडक, खानेपानी, बिजुली र फोहोर व्यवस्थापन गर्न ठोस योजना निर्माण गरि कार्यान्वयन गरिनेछ।
१७. पुरानो बजारहरुलाई क्रमशः सुधार गरि सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिनेछ।
१८. नगरको सबै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिंचाई एवं अन्य पूर्वाधार निर्माणको DPR तयार गरि व्यवस्थित रुपमा कार्य गरिनेछ।
१९. पूर्वाधारका कार्यक्रम संचालन गर्दा अपाङ्गमैत्री, बालमैत्री,वातावरण मैत्री मापदण्ड बमोजिम गरिनेछ।
२०. वडा कार्यालयको भवन नभएको ठाँउमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिनेछ।
२१. नयाँ नापी गराई वाटोलाई लगत कट्टा गरी सार्वजनिक वनाईनेछ।

*जनसंख्या तथा सामाजिक विकास*

१. जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पस एवं विद्यालयहरुलाई नगरपालिकाबाट अनुगमन गरी आवश्यक सहयोग गर्ने नीति लिईनेछ।
२. खेलकुदको स्तर विकास गर्न नगरक्षेत्रका खेलाडीहरुलाई प्रोत्साहनको लागि नगरपालिकाबाट सम्मान तथा पुरस्कृत गरिनेछ साथै नगरपालिका भित्रका विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने प्रभुत्व व्यक्तिहरुलाई पुरस्कृत, सम्मान गरिनेछ।
३. सबै वडाहरुमा टोल विकास संस्था गठन गरी सुशासन, विकास निर्माण तथा गरिवी न्यूनीकरणका लागि समुदायलाई नै उत्तरदायी बनाईनेछ।

४. नागरिक सचेतना केन्द्र मार्फत सीमान्तकृत महिलाहरुको उत्थान र सशक्तिरणमा विशेष जोड दिईनेछ ।
५. आगलागी, बाढी, भुकम्प, महामारी जस्ता प्रकोपमा क्षति न्युनिकरण गर्न र प्रकोपको अवस्थामा उद्धार, राहत तथा पूर्नस्थापना जस्ता कार्यहरु गर्न प्रकोप व्यवस्थापन योजना बनाई सरोकारवाला निकाय र समुदायसंग सहकार्य गरी कार्यक्रम गर्ने नीति अबलम्बन गरिनेछ ।
६. स्थानीय मेलमिलाप र मध्यस्थताको व्यस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ ।
७. स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिईनेछ ।

*महिला, बालबालिका तथा अन्य लक्षित बर्ग*

१. विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।
२. बालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीति लिईने छ ।
३. बाल क्लब गठनलाई प्राथमिकता दिई बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरि बालमैत्री नगर तुल्याउने नीति अंगीकार गरिने छ ।
४. अपांगता भएका व्यक्तिहरुको सम्पर्क हुने सबै भौतिक संरचनालाई अपांगमैत्री बनाउदै लगिनेछ ।
५. जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विशेष जोड दिईने छ ।
६. दलित एवं पछाडि परेको वर्गको हक अधिकारको प्रवर्द्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरण, क्षमता विकास सीप विकस एवं चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।

*वातावरण संरक्षण, खानेपानी तथा सरसफाई*

१. खाली पर्ती जग्गामा उपभोक्ता समुह, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपण कार्यक्रम संचालन गरिने छ ।
२. यस नगरपालिकालाई पूर्ण सरसफाई युक्त तुल्याउन खुला दिसा मुक्त सम्बन्धी कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी सरसफाईमा नमूना नगरको रुपमा स्थापित गरिने छ ।
३. स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि ओभरहेड ट्यांक निर्माण कार्यलाई प्राथमिकता दिई सो को लागि सम्बन्धित निकायहरुमा पहल गरिने छ ।
४. नगरको फोहोर मैला व्यवस्थापनमा निजी क्षेत्र समेतलाई परिचालन गरी सार्बजनिक निजी साझेदारी (PPP) मोडेलको अवधारणा अनुरुप विशेष कार्य गर्ने नीति लिईनेछ ।

*शिक्षा तथा स्वास्थ्य*

१. साक्षरता कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गरि यस नगरपालिकामा निरक्षरता उन्मूलन गरिने छ ।
२. नगरपलिकाको ग्रामीण क्षेत्रहरुमा जनस्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्न निजी क्षेत्र एवं गै.स.स.हरु सँग समन्वय गरी प्रोत्साहित गरिने छ ।
३. नगर क्षेत्रमा सुविधा सम्पन्न अस्पताल निर्माणको लागि विशेष पहल गरिने छ ।
४. नगरक्षेत्र भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिने छ ।
५. कला र संस्कृतिको विकास एवं संरक्षण गरिनेछ ।
६. अति विपन्न बालबालिकालाई स्कुल जान प्रेरित गर्न नयाँ कार्यक्रम संचालन गरिने छ ।
७. नगरस्तरीय पुस्तकालयको ब्यवस्था गरिनेछ ।

*कृषि विकास तथा सहकारी*

१. कृषि तथा पशु पालन क्षेत्रको विकासमा कृषक समुह, समिति, सहकारी, गैर सरकारी संस्थाहरुसँग साँझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।
२. नगर क्षेत्रका उर्वर भूमिलाई सिंचित गर्न सिचाँईको लागि आवश्यक व्यवस्था गरिनेछ ।
३. सहकारी सँस्था सम्बन्धी आवश्यक कानून एवं मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।
४. माटो परीक्षण विधी अवलम्बन गरि कृषिलाई वैज्ञानिक बनाइने छ ।
५. गाँउको उत्पादन बजारमा बजारीकरण गर्ने ।
६. आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ । पशुपंछी पालन र कृषिमा आत्मनिर्भर हुने कार्यक्रमलाई अगाडी वढाइने छ ।

७. व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुरयाउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
८. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिइनेछ ।

*राजस्व*

१. एकीकृत सम्पत्ति कर लागू गरी कर प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिने छ ।
२. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजस्व शाखासगं आवद्ध गरिने कार्यलाई प्रभावकारी बनाईनेछ ।
३. उद्योगी व्यवसायीसँगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायीलाई करको दायरामा ल्याईनेछ ।
४. बार्षिक रु. एक लाखभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।
५. नगरपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिई घरदैलो सेवा उपलब्ध गराईने नीति अवलम्बन गरिनेछ ।
६. कर संकलन कार्यमा संलग्न कर्मचारीहरूलाई प्रोत्साहित गर्न बार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी संकलन भएको रकमबाट नगर कार्यपालिकाको निर्णयानुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई प्रोत्साहित गरिनेछ ।
७. नक्सा पास नभई बनेका घरहरूलाई व्यवस्थित गर्न केहि समयको लागि नक्सा पास दस्तुर छुट गरी सबै निर्मित घरहरूको नक्सा पास गराउने नीति अवलम्बन गरिने छ ।
८. नगर क्षेत्रमा पटके पसल एवं बजार तथा पोखरी लगायत अन्य सार्बजनिक सम्पत्ति नगरपालिका वाहेक अन्य संघ संस्था तथा निकायहरूले पनि ठेक्का बन्दोवस्त गरी रहेकोमा सोलाई पूर्ण रूपमा रोकी संम्पूर्ण आम्दानी रकम नगरपालिकामा प्राप्त हुने गरी एकद्वार प्रणालीबाट राजस्व परिचालन गरिने व्यवस्था सुनिश्चित गरिने छ ।

*प्रशासन, सुशासन तथा पारदर्शिता*

१. नगरपालिका कार्यालयका प्रत्येक शाखाको अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकुल सुधार गर्दै लगिनुका साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको कार्य विवरण तयार गरी अद्यावधिक गर्दै लगिने छ ।
२. पेश्की तथा बेरुजुलाई अहिले दखि नै कडाईका साथ नियन्त्रण गर्दै पेश्की तथा बेरुजु शुन्य पार्ने नीति अवलम्बन गरिने छ ।
३. नगरपालिकाका कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको पोशाक भत्ता बापतको रकम उपलब्ध गराई तोकिएको पोशाक र परिचयपत्र अनिवार्य रुपमा लगाउन लगाउने व्यवस्था गरिनेछ ।
४. कर्मचारीहरुको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिने छ ।
५. कर्मचारीहरुलाई काम प्रति बढी जिम्मेवार बनाई प्रोत्साहन गर्न नगरपालिका र मातहतका विद्यालय र स्वास्थ्य सँस्थामा उत्कृष्ट काम गर्ने कर्मचारीलाई नगर कार्यपालिकाको निर्णयानुसार पुरस्कृत र सम्मान गरिनेछ ।
६. कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राही प्रति सम्मानपूर्ण व्यवहार गर्ने नीतिलाई प्रभावकारी बनाईने छ ।
७. नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन नगरपालिका प्रतिवद्ध रहनेछ ।
७. नागरिक वडापत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन नगरपालिका प्रतिवद्ध रहनेछ ।
८. नगरपालिकाको गतिविधिलाई विद्युतीय सञ्चार माध्यमबाट सार्वजनिक गर्ने नीति अनुरुप कार्यालयको आधिकारिक वेवसाईट तथा स्थानीय सञ्चार माध्यमबाट प्रशारण गरिने छ ।
९. नगरपालिकाद्धारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी, पारदर्शी एवं जनउत्तरदायी बनाउन बुलेटिन, ब्रोसर प्रकाशन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्बजनिक परीक्षण, नियमित प्रगति समीक्षा गरी सुशासनको प्रत्याभूति दिईनेछ ।
१०. e-governance (विद्युतीय शासन) को अवधारणा बमोजिम नगरपालिकाको क्रियाकलापलाई Paperless बनाउदै लगिनेछ । साथै सेवा प्रवाहको लागि Software हरुको प्रयोगमा जोड दिई Online सेवाको विस्तार गर्दै सेवा प्रवाहको स्तर बढाउदै लगिनेछ ।
११. नगरपालिकाको निर्णय कार्यान्वयन एवं आवश्यक कार्यको लागि नगर प्रहरी गठन सम्बन्धी आवश्यक व्यवस्था गर्निछ ।